नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई
सिन्धुपाल्चोक

फोन:+977-11-620125 (सिन्धुपाल्चोक)
इमेल: pmamp.piu.sindhupalchok@gmail.com,
वेबसाइट: piusindhupalchowk.pmamp.gov.np

पत्र संख्याः-२०८२/८३

## आ.व. २०८२/८३ मा खरिद हुने कार्यको लागि मौजुदा सूचीमा सूचिकृत हुने सम्वन्धि सूचना

(प्रकाशित मिति: २०८२/०४/०८)

आर्थिक बर्ष २०८२/८३ का लागि यस कार्यालयलाई चाहिने तपसिलमा उल्लेखित सामानहरु आपूर्ति गर्न तथा अन्य सेवा प्रदान गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) बमोजिम मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक हुन चाहने व्यक्ति/फर्म/आपूर्तिकर्ता/परामर्शदाता वा सेवा प्रदायकहरुले देहायका कागजातका प्रतिलिपि संलग्न राखी आफुले गर्ने कामको विवरण छुट्टाछुट्टै खुलाई यस कार्यालयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) संग सम्बन्धित अनुसूची-२ क बमोजिमको ढाँचामा निवेदन दिनुहुन जानकारी गराइन्छ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

- संस्था वा फर्म दर्ताको नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- आर्थिक बर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र।
- प्रचलित कानून बमोजिम अयोग्य भएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाईएको स्वयं घोषणा गरी निवेदन दिनुपर्नेछ ।

**(क) आवश्यक मालसामानहरु**

(१) स्टेशनरी, मसलन्द तथा अन्य फुटकर सामान
(२) विद्युतीय सामाग्री
(३) छपाइ सम्वन्धि कागजात
(४) कम्प्युटर,ल्यापटप,प्रिन्टर, स्क्यानर आदि
(५) फर्निचर तथा फर्निसिङका सामाग्री
(६) पत्रपत्रिका तथा पुस्तकहरु
(७) निर्माण सामाग्री, हार्डवयर तथा फिटिङ्स
(८) इलेक्ट्रोनिक्स उपकरण
(९) प्राङगारिक मल, रसायनिक मल तथा वीउविजन
(१०) कृषि चुन, किटनाषक विषादी
(११) विभिन्न किसिमका कृषियन्त्र उपकरणहरु
(१२) बोट विरुवा
(१३) सवारी साधनको पार्टपूर्जा तथा लुब्रिकेन्ट्स

**(ख) अन्य सेवा**

(१) सवारी साधन मर्मत सेवा
(२) परामर्श सेवा

द्रष्टव्यः रीत नपुगी आएका निवेदनहरुलाई मान्यता दिइने छैन । प्राप्त निवेदनहरु मौजुदा सूचीमा दर्ता गर्ने वा नगर्ने अधिकार यस परियोजनालाई हुनेछ ।

सुरेन्द्र प्रसाद पोखरेल
वरिष्ठ कृषि अधिकृत